जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३१९ • २०८३ भदौ २२ गते सोमवार • 7 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# पुनर्स्थापनाका लागि जग्गा खोज्न सरकारले समिति बनाए



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २१ भदौ**

भदौ १० गते रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढी पीडितका लागि पुनर्स्थापनाका लागि जग्गा खोज्न सरकारले समिति बनाएको छ ।

सरकारले बाढीपछि विस्थापित र जोखिममा परेका बस्तीलाई स्थानान्तरणका लागि आवश्यक जग्गा खोज्न नापी विभागका महानिर्देशक प्रकाश जोशीको नेतृत्वमा १३ सदस्यीय समिति बनाएको हो ।

समितिमा मन्त्रालयको संघीय मामिला महाशाखाका उपसचिव दीपक ढकाल, पूर्वाधार विकास मन्त्रालयका उपसचिव, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक र नापी विभागमा कार्यरत उपसचिव र सम्बन्धित जिल्लाबाट पनि प्रतिनिध सदस्य हुनेछन् । जिल्लाबाट हुने सदस्यहरूमा सम्बन्धित जिससमा कार्यरत 'जिल्ला समन्वय अधिकारी', सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरीक्षक, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, सशस्त्र प्रहरी नायव उपरीक्षक र सम्बन्धित जिल्लाको भूमि प्रशासन कार्यालय तथा नापी कार्यालयका प्रमुखहरू पनि समितिका सदस्य रहनेछन् ।

समितिले सबैभन्दा पहिले बाढी प्रभावित र जोखिममा रहेकाको तथ्यांक कति हो भन्ने टुंगो लगाउनेछ। त्यस्तै बाढीमा घरबारविहीन भएकाहरूको अन्यत्र घर-जग्गा भए/नभएको जानकारी लिएपछि रसुवा, नुवाकोट र धादिङका नापी तथा भूमि कार्यालयको समन्वयमा स्थानीय तहमार्फत जग्गा खोजी खोज्नेछ । समितिले जिल्लामा नापी, भूमि कार्यालयसँगै स्थानीय तहसँग समन्वय सुरु गरिसकेको छ । 'सम्बन्धित जिल्लाको भूमि र नापीसँगै स्थानीय तहमा समन्वय सुरु गरिसकेका छौं,' समितिका एक सदस्यले भने ।

समितिले अहिले कुन वडामा कति घरमा क्षति पुगेको हो, कति घर तथा बस्ती स्थानान्तरण गर्नुपर्ने छ भन्नेबारे बुझ्ने काम गरिरहेको उनको भनाइ छ । यो समितिले कति परिवार स्थानान्तरण गर्नुपर्ने हो एकिन गरी स्थानान्तरण गर्ने जग्गाको खोजीसँगै उक्त जग्गाको विपद् जोखिमको जाँच पनि गर्नेछ । बस्नका लागि उपयुक्त भएका जग्गा सम्बन्धित व्यक्तिलाई प्रदान गर्न आवश्यक कानुनी सहजीकरण त्यसपछि सुरु हुनेछ ।

यो समितिले बस्ती स्थानान्तरणका लागि उपयुक्त ठाउँको खोजीसहितको तथ्यांक समेटिएको प्रतिवेदन मन्त्रालयमा बुझाउने छ । रसुवा बाढीका कारण ठूलो जनधनको क्षति भएको छ। अझै पनि खोजी र उद्धारको काम जारी छ ।




# सर्लाहीको नाढीमन तालमा पछिल्लो समय पर्यटकको चहलपहल बढ्न थाले

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २१ भदौ**



धार्मिक, ऐतिहासिक तथा प्राकृतिक महत्व बोकेको सर्लाहीको नाढीमन तालमा पछिल्लो समय पर्यटकको चहलपहल बढ्न थालेको छ ।

लामो समयसम्म संरक्षण र व्यवस्थापनको अभावमा सुनसानजस्तै बनेको ताल क्षेत्रमा अहिले आन्तरिक तथा भारतको बिहारबाट समेत पर्यटक आउन थालेका छन् । चन्द्रनगर गाउँपालिका-६ र ७ मा फैलिएको नाढीमन ताल करिब ५२ बिघा क्षेत्रफलमा रहेको बताइन्छ । अतिक्रमणका कारण तालको क्षेत्रफल खुम्चिँदै गए पनि अहिले करिब ३५ बिघा क्षेत्र पानीले ढाकेको छ। काललाई केही वर्षअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले देशका १०० पर्यटकीय गन्तव्यमा समेत सूचीकृत गरेको थियो । ताल परिसरमा मिथिला कलाघर, बाल उद्यान, मन्दिर, धर्मशाला तथा अन्य संरचना निर्माण भइरहेका छन् । गाउँपालिकाले ताल वरिपरि सडकसहितको ड्याम निर्माण, वृक्षरोपण तथा सौन्दर्यीकरणका काम अघि बढाएको छ ।

वि.सं. २०७२ मा चुरे संरक्षण विकास कार्यक्रमअन्तर्गत नेपाली सेनाले ताल परिसर सरसफाइ, बस्ने बेन्च निर्माण तथा वृक्षरोपण गरेपछि यहाँ पर्यटकको आकर्षण बढेको थियो । पर्यटक बढेपछि स्थानीयले पसल तथा होटल व्यवसायमा लगानी गरे पनि संरक्षणको निरन्तरताको अभावमा केही समयपछि ती व्यवसाय बन्द हुन पुगेका थिए । वि.सं. २०८१ मा माछा निकाल्न ताल सुकाइएपछि केही समय गौचरनमा परिणत भएको ताल अहिले पुनः पानीले भरिएको छ । तालमा भूमिगत जरुवा पानी आउने भएकाले वर्षभरि पानी रहने स्थानीयको भनाइ छ ।

तर, तालको पर्यटन विकाससँगै व्यवस्थापनका चुनौती पनि देखिएका छन् । तालमा मोटरबोट सञ्चालन नियमित हुन सकेको छैन । माछापालनका लागि ताल ठेक्कामा दिइएकाले मोटरबोट चलाउँदा माछा मर्ने भन्दै ठेकेदारले रोक लगाएको बताइएको छ ।

# हिसान धनुषाद्वारा एक दिन शोक बिदा दिने निर्णय

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ भदौ**




जनकपुरधाम उपमहानगरपालिका -१ स्थित मिसन सेकेन्ड्री स्कुलका सञ्चालक विक्रम मण्डलको निधनप्रति शोक व्यक्त गर्दै उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) धनुषाले एक दिन शोक बिदा दिने निर्णय गरेको छ। हिसान धनुषाले आइतबार सूचना जारी गर्दै मण्डलको असामयिक निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेको हो । निजी विद्यालयका छाता संगठन मधेस प्याब्सन,प्याब्सन,एनप्याब्सनको निर्णयअनुसार भदौ २२ गते सोमबार हिसान धनुषामा आबद्ध सम्पूर्ण विद्यालय तथा क्याम्पसमा शोक बिदा रहने जनाइएको छ । त्यस्तै, नेपाल सरकारको निर्णयअनुसार भदौ २३ गते जेनजी शहीद दिवसका अवसरमा सार्वजनिक बिदा रहेकाले दुई दिन विद्यालय तथा क्याम्पसमा पठनपाठन नहुने भएको छ । हिसान धनुषाका अध्यक्ष संजीवकुमार ठाकुरद्वारा जारी सूचनाअनुसार भदौ २४ गते बुधबारदेखि नियमित रूपमा पठनपाठन सञ्चालन हुनेछ ।




## सम्मानपूर्वक शवको अन्त्येष्टि गरौं

बाढीमा परी ज्यान गुमाउनेहरुका शवको अन्त्येष्टि सम्मानपूर्वक हुन जरुरी छ । शवलाई पहिचान नभएसम्मका लागि अस्थायी रूपमा प्लास्टिकको झोलामा राखेर माटोमा सुरक्षितसाथ गाड्ने नै सबैभन्दा उत्तम र वैज्ञानिक उपाय रहेको देखिन्छ। शव कुहिने प्रक्रिया गाडिएको स्थानको माटो, तापक्रम, चिस्यान, पानीको अवस्था, गाड्ने गहिराइ, शवको अवस्था तथा प्रयोग गरिएको व्यवस्थापन विधिमा निर्भर गर्छ । जमिनमुनि शव राख्दा हावा कम र चिसो हुने भएकाले डिकम्पोजिसनको प्रक्रिया केही कम हुने देखिन्छ । तीन महिनासम्म कुहिने प्रक्रिया ढिलो भए पनि त्यसपछि नरम तन्तुहरू कुहिँदै जाने र एक वर्षमा शव अस्थिपञ्जर मात्र रहन्छन। कुहिन लागेका शवमा रासायनिक पदार्थ, चुना, बरफ वा ड्राई आइसको प्रयोग स्वास्थ्यका दृष्टिले हानिकारक मानिन्छन । केमिकलले गर्दा उद्धारमा खटिने कर्मचारी तथा स्वयंसेवकहरूलाई श्वासप्रश्वासको गम्भीर समस्या र केमिकल निमोनिया (केमिकल निमोनाइटिस) हुन सक्ने तथा बरफ पग्लेर कुहिएको तरल पदार्थ झन् धेरै फैलिने खतरा रहेको देखिन्छ । विगत २०७२ सालको भूकम्पपछि पनि शिक्षण अस्पताल परिसरमा ३२ वटा पहिचान नभएका शव माटोमै गाडेर राखिएका थिए । हालसम्म २ वटाको पहिचान भए पनि अन्य ३० वटा त्यहीँ नै छ। कानुनले पहिचान नभएका वा दाबी गर्न नआएका शवहरूलाई १२ वर्षसम्म सुरक्षित राख्नुपर्ने बाध्यकारी व्यवस्था गरेको देखिन्छ । मानवअधिकार जीवित व्यक्तिको अधिकार मात्र होइन, मृत्युपछि सम्मानपूर्वक अन्त्येष्टि गर्न पाउने अधिकार पनि उत्तिकै महत्वपूर्ण रहेको देखिन्छ ।

# आर्थिक सहयोग जुटाउने क्रमलाई निरन्तरता

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, २१ भदौ**



भोटेकोशी-त्रिशूली बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि पर्साका विभिन्न स्थानीय तह, सामाजिक संघसंस्था, विद्यालय, उद्योगी तथा समाजसेवीले आर्थिक सहयोग जुटाउने क्रमलाई निरन्तरता दिएका छन् ।

बाढीपीडितलाई सहयोग गर्ने अभियानअन्तर्गत वीरगञ्जका सुनचाँदी व्यवसायी तथा समाजसेवी नीरज सर्राफ 'मुन्ना सर्राफ'ले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ लाख ५१ हजार रुपैयाँ सहयोग गरेका छन्। त्यस्तै, वीरगञ्ज-१३ राधेमाईस्थित साउथ जोन माध्यमिक विद्यालयले बाढी प्रभावितका लागि १ लाख ५५ हजार ५५३ रुपैयाँ सहयोग गरेको छ। यसैगरी, नेपाल पुलिस स्कुल शान्तिपुरमा अध्ययनरत विद्यार्थीहरूले आफ्नो खाजा खर्चबाट रकम कटाएर ९५ हजार ७८३ रुपैयाँ संकलन गरी बाढीपीडितका लागि सहयोग गरेका छन् ।

विद्यालयमा गठित विभिन्न क्लबमा आबद्ध विद्यार्थीले उक्त रकम संकलन गरेका हुन् । बाढीबाट प्रभावित नेपाली नागरिक तथा परिवारप्रति ऐक्यबद्धता जनाउँदै भारतस्थित लभली प्रोफेसनल युनिभर्सिटी (एलपीयू) ले समेत राहत तथा आर्थिक सहयोग अभियान सुरु गरेको जनाएको छ। भोटेकोशी बाढीबाट ठूलो जनधनको क्षति भएपछि देशभरबाट राहत तथा आर्थिक सहयोग जुटाउने क्रम जारी छ ।

पर्सामा पनि स्थानीय व्यवसायी, विद्यार्थी, सामाजिक संस्था तथा विभिन्न क्षेत्रका व्यक्तिहरूले आफ्नो क्षमता अनुसार सहयोग गर्दै आएका छन् । संकटको समयमा जुटिरहेको यस्तो सहयोगले बाढी प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा केही सहजता पुग्ने विश्वास गरिएको छ ।

# मिडिया काउन्सिल मधेश प्रदेश र आमसञ्चार प्राधिकरणको टोली सिरहा र सप्तरी पुगे

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ भदौ**



मधेश प्रदेशको सञ्चार क्षेत्रमा देखिएका समस्या तथा चुनौती पहिचान गर्दै आगामी कार्यदिशा तय गर्न मिडिया काउन्सिल मधेश प्रदेश र आमसञ्चार प्राधिकरणको टोली सिरहा र सप्तरी पुगेको छ ।

सञ्चार माध्यम र सञ्चारकर्मीको वास्तविक अवस्था बुझ्ने, समस्या पहिचान गर्ने तथा आगामी दिनमा आवश्यक समन्वय र सहकार्यका लागि सुझाव संकलन गर्ने उद्देश्यले टोलीले दुवै जिल्लाका पत्रकार तथा सञ्चारकर्मीसँग छलफल गरेको हो । सिरहामा आयोजित छलफलका क्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जीतेन्द्र खड्गाले सञ्चार क्षेत्रको विकासका लागि प्रदेशका सञ्चारमाध्यम र पत्रकारसँग निरन्तर संवाद तथा सहकार्य आवश्यक रहेको बताए ।

उनले जिल्लास्तरबाट आएका समस्या र सुझावलाई प्राथमिकताका साथ लिएर सञ्चार क्षेत्रलाई थप व्यवस्थित र व्यावसायिक बनाउन पहल गरिने धारणा राखे । टोलीमा मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना झा र आमसञ्चार प्राधिकरणका सदस्य ज्योति झालगायतको सहभागिता रहेको छ । छलफलमा सञ्चार क्षेत्रमा आचारसंहिता कार्यान्वयनदेखि पत्रकारको पहिचान, संस्थागत सुरक्षा र राजनीतिक प्रभावसम्मका विषय उठाइए । सञ्चारकर्मी अनिरूद्ध ठाकुरले जिल्लामा वास्तविक पत्रकार र नामधारी पत्रकार छुट्याउनै कठिन भइरहेको बताए । उनले अनलाइन तथा पत्रपत्रिका सञ्चालनका नाममा पत्रकारिताको आवरणमा गलत गतिविधि भइरहेको भन्दै नियमनकारी निकाय थप कडा हुनुपर्ने धारणा राखे । 'को पत्रकार हो भन्नै गाह्रो छ । आचारसंहिताको कुरा हुन्छ। तर, खै त लागू भएको? नामधारी बन्न पनि अनलाइन, पेपर खोल्छ र लुट्छ,' ठाकुरले भने । उनले मिडिया काउन्सिलले प्रभावकारी अनुगमनसँगै आफ्नो उपस्थितिको अनुभूति सञ्चारकर्मीलाई गराउनुपर्ने र जिल्लास्तरमा नियमित बैठक तथा अन्तरक्रिया अनिवार्य गर्नुपर्ने माग गरे ।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: लामो यात्राको योग छ
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: आम्दानी हुने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# खाडी क्षेत्रमा बढ्यो तनाव, अमेरिकाले गऱ्यो इरानका तीन तेल ट्यांकरमाथि सैन्य आक्रमण



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ भदौ**

संयुक्त राज्य अमेरिकाले इरानका तीनवटा तेल ट्यांकरमा सैन्य आक्रमण गरी ध्वस्त पारिएको दाबी गरेको छ। अमेरिकी सेन्ट्रल कमाण्डले शनिबार गरिएको आक्रमणमा एम/टी काइलो गल्फ अफ ओमानमा डुबेको भिडियो सार्वजनिक गर्दै इरानलाई अमेरिकी नौसैनिक जहाजमाथि आक्रमण गरे थप कडा आर्थिक मूल्य चुकाउनुपर्ने चेतावनी दिएको छ।

अमेरिकी सेन्ट्रल कमाण्डका अनुसार इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजीसी) ले गस्तीमा रहेका अमेरिकी नौसेनाका दुई युद्धपोततर्फ ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि जवाफी कारबाही गरिएको थियो। अमेरिकी विमानवाहक युद्धपोत र निर्देशित क्षेप्यास्त्र बोकेको विध्वंसक जहाजले ती आक्रमण छल्न सफल भएको र घटनामा कुनै पनि अमेरिकी सैनिक घाइते नभएको दाबी गरिएको छ।

अमेरिकी सेनाले एम/टी डाउनीलाई खार्ग टापु नजिक र एम/टी स्टार्क-१ लाई जास्क नजिक स्थायी रूपमा निष्क्रिय बनाइएको तथा एम/टी काइलोलाई गल्फ अफ ओमानमा डुबाइएको जनाएको छ। आक्रमणअघि चालक दलका सदस्यहरूलाई जहाज छाड्न निर्देशन दिइएको सेन्ट्रल कमाण्डले उल्लेख गरेको छ। अमेरिकी रक्षा सचिव पिट हेगसेथले इरानले अमेरिकी नौसेनालाई निशाना बनाए त्यसका तेल ट्यांकरहरू नष्ट गरिने चेतावनी दिएका छन्। उनले भनेका छन्, “यदि इरानले अमेरिकी जहाजमाथि गोली चलायो भने हामी उसका तेल ट्यांकरहरू डुबाइदिन्छौं।

त्यसो हुन नदिन उनीहरूले अमेरिकी नौसेनामाथि आक्रमण नगरे पुग्छ।“ त्यसैगरी, सेन्ट्रल कमाण्डका कमाण्डर ब्राड कुपरले ती तीनवटै ट्यांकर आइआरजीसी र त्यससँग आबद्ध क्षेत्रीय समूहहरूलाई आर्थिक स्रोत उपलब्ध गराउने बहु-अर्ब डलरको ‘छायाँ सञ्जाल’ को हिस्सा रहेको दाबी गरेका छन्।

# चलचित्र ’बेहुली’को ट्रेलर सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ भदौ**

यही भदौ २६ गतेदेखि प्रदर्शनमा आउने चलचित्र ’बेहुली’को ट्रेलर सार्वजनिक गरिएको छ। प्रदर्शनको लागि मात्र पाँच दिन बाँकी रहँदा निर्माण टिमले आइतबार काठमाडौंको जय नेपाल हलमा एक कार्यक्रम गर्दै ट्रेलर दर्शकमाझ ल्याएको हो।

ट्रेलरमा माया, प्रेम, पारिवारिक सम्बन्ध, र मित्रताका विविध आयामहरूलाई सुन्दर ढङ्गमा समेटिएको छ। कलाकार पारस बम ठकुरी र अभिनेत्री दिव्या रायमाझीबिचको प्रेमको केमेस्ट्रीलाई ट्रेलरमा आकर्षक



रूपमा प्रस्तुत गरिएको छ। कार्यक्रममा चलचित्रका निर्माता अर्जुन पोखरेलले बक्स अफिसमा गर्ने कुल कमाइबाट निर्माताको भागमा पर्ने सम्पूर्ण रकमको ५ प्रतिशत प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमार्फत भोटेकोशी क्षेत्रका बाढी प्रभावितहरूका लागि प्रदान गरिने बताए।

सशान कँडेलको निर्देशन रहेको चलचित्रमा पारस र दिव्याका साथै सुशान्त कार्की, सरिता गिरी, विशाल पहारी, कर्मा लामा, दीपक गौली, विमल यादव, अविरल श्रेष्ठ, सविन कट्टेल र समायरा थापा मगर लगायतका कलाकारको अभिनय छ।

द डिभाइन म्युजिक र सम्मान इन्टरटेन्मेन्टको संयुक्त प्रस्तुति रहेको यस चलचित्रमा अर्जुन पोखरेल प्रस्तुत कर्ता रहेका छन् भने प्रताप शमशेर राणा निर्माता, कार्यकारी निर्मातामा शङ्कर कोइराला र रमेश सिलवाल, सह-निर्माता दुर्गा खरेल र शिशिर श्रेष्ठ छन्।

# धान खेतबाट प्रहरीद्वारा १३९ किलो गाँजा बरामद

**जलेश्वरटुडे समाचारदाता**
**बारा, २१ भदौ**

बाराको पचरौता नगरपालिका-७ स्थित धान खेतबाट प्रहरीले १३९ किलो गाँजा बरामद गरेको छ। गाँजा बोकेर हिँडिरहेका ९ जना प्रहरीलाई देखेपछि बोरा खेतमै फालेर फरार भएका छन्। जिल्ला प्रहरी कार्यालय बाराका अनुसार



शनिबार राति करिब १०:३० बजे प्रहरी चौकी श्रीनगर बैरिया र सशस्त्र प्रहरी बल, बीओपी बेनौलीबाट खटिएको संयुक्त गस्ती टोलीले बेनौली चोकदेखि करिब ३०० मिटर पूर्व धान खेतको आलीमा ९ जना मानिसलाई झोलाजस्तो वस्तु बोकेर आउँदै गरेको देखेको थियो। प्रहरी टोलीले उनीहरूलाई रोक्न खोज्दा बोकेर ल्याएका पोका धान खेतमा फालेर सबै जना फरार भएका थिए। त्यसपछि प्रहरीले खेतमा छाडिएका पोका नियन्त्रणमा लिएर जाँच गर्दा गाँजा फेला परेको हो।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**मनरासिस्वा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**महोत्तरी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# ५९ वर्षक दूरी, मुदा मिथिला-मधेशक आवाज कत ?

**-मुरली मनोहर मिश्र**

५-वर्ष पहिने राजा महेन्द्र संयुक्त राष्ट्रसंघक महासभाक मंचपर नेपालक पक्ष राखने छलाह। आब २४ सितम्बर २०२६ कें प्रधानमन्त्री बालेन शाह ओहि विश्वमंचपर नेपालक प्रतिनिधित्व करबाक तैयारीमे छथि। समय बदलि गेल, शासन व्यवस्था बदलि गेल, नेतृत्वक पुस्त सेहो बदलि गेल, मुदा एकटा प्रश्न एखनो अपन जगहपर ठाढ़ अछि : विश्वमंचपर नेपालक आवाजमे मिथिला आ मधेशक वास्तविक आवाज कतेक स्पष्ट रूपेँ सुनाइत अछि ? राजा महेन्द्रक समयमे नेपालक सार्वभौमिकता, शान्ति आ छोट राष्ट्रक अधिकार प्रमुख विषय छल । आजुक नेपालमे परिस्थिति आरो जटिल अछि। जलवायु परिवर्तन, हिमाली विपत्ति, बाढ़, विस्थापन, पुनर्निर्माण, आर्थिक निर्भरता आ विकासक असमानता नेपालक प्रमुख चुनौती बनि गेल अछि। एहन समयमे बालेनक संयुक्त राष्ट्रसंघ सम्बोधन केवल प्रधानमन्त्रीक भाषण नैइ, नेपालक बहुल पहिचान आ राज्यक समावेशी दृष्टिकोणक परीक्षा सेहो होयत ।

१. जलवायु न्यायक सवाल–पहिने अपन घरमे न्याय,

नेपाल वैश्विक कार्बन उत्सर्जनमे अत्यन्त न्यून योगदान करैत अछि, मुदा हिमालयी क्षेत्रमे तापमान वृद्धि, हिमनदी पिघलन, नबिअर्षा बिपभ यगतदगचकत, ाबिकज ायियम आ अतिवृष्टिक मारि सहि रहल अछि। तें जलवायु न्यायक सवाल संयुक्त राष्ट्रसंघमे जोरदार ढंगसँ उठेनाइ आवश्यक अछि । मुदा जलवायु न्याय केवल हिमालक प्रश्न नैइ अछि। हिमालयसँ निकलल नदीक बाढ़क पहिल आ गम्भीर असर तराई-मधेशक जनतापर पड़ैत अछि। हिमालमे संकट शुरू होइत अछि, मुदा ओकर प्रहार तराईक खेत, बस्ती, सड़क, पुल, बजार आ जनजीवनपर होइत अछि । तेँ बालेनक भाषणमे यदि जलवायु न्यायक बात होय, तँ ओहि न्यायमे हिमाल, पहाड़ आ तराई–तीनू भूगोलक समान अधिकार सुनिश्चित करबाक प्रश्न सेहो होएब चाही ।

२. मिथिला-मधेश : केवल सीमावर्ती भूगोल नैइअछी,

मिथिला नेपालक सांस्कृतिक इतिहासक प्राचीन आधारभूमि अछि। जनकपुरधाम, जानकी मन्दिर, मिथिला कला, मैथिली भाषा, विवाहपञ्चमी, पोखरी-कुण्ड, गुठी परम्परा आ हजारौँ वर्षक सांस्कृतिक स्मृति नेपालक विश्व पहिचानक महत्वपूर्ण हिस्सा अछि ।

मधेश नेपालक अर्थव्यवस्थाक उत्पादनशील क्षेत्र सेहो अछि, जेनाकी कृषि, उद्योग, व्यापार, सीमा-व्यवसाय आ भारतसँ सामाजिक-सांस्कृतिक सम्बन्धक दृष्टिसँ एकर महत्व असाधारण अछि। मुदा प्रश्न यी अछि जे राज्यक नीति आ अन्तर्राष्ट्रिय प्रस्तुतीकरणमे मिथिला-मधेशक योगदानक अनुपातमे सम्मान आ प्रतिनिधित्व भेटैत अछि कि नैइ ? यदि संयुक्त राष्ट्रसंघमे नेपालक विविधता प्रस्तुत करबाक अवसर भेटैत अछि, तँ 'नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र अछि' जेहन सामान्य वाक्य पर्याप्त नैइ होयत । विश्व समुदायकेँ यी स्पष्ट रूपसँ बुझेनाइ आवश्यक अछि जे नेपालक राष्ट्रिय पहिचानमे मिथिला-मधेश कोनो परिधि नैइ, बल्कि नेपालक मूल संरचनाक अभिन्न अंग अछि ।

३. जनकपुरधामकेँ विश्वमञ्चसँ चिन्हबाक अवसर,

ए: श्री बलेन्द्र शाह'क विदेश यात्राक पहिल गन्तव्य विश्वक सर्वाधिक महत्वपूर्ण कूटनीतिक मंच होयत। यी अवसर जनकपुरधामक लेल सेहो महत्वपूर्ण बनि सकैत अछि। जनकपुरधामकेँ अयोध्या, सीतामढी आ सम्पूर्ण रामायण परम्परासँग जोइड क राम-जानकी सभ्यताक अन्तर्राष्ट्रिय सांस्कृतिक सर्किटका रूपमा विकास कएल जा सकैत अछि । जानकी मन्दिरक संरक्षण, मिथिला सभ्यता, मैथिली भाषा, मिथिला चित्रकला, ऐतिहासिक पोखरी, गुठी सम्पदा तथा धार्मिक पर्यटनकेँ अन्तर्राष्ट्रिय सांस्कृतिक कूटनीतिको हिस्सा बनाब के सकारात्मक एवं सार्थक भुमिका नेपालक हितमे होयत ।

संयुक्त राष्ट्रसंघक मञ्चपर यदि नेपाल जलवायु संकटक पीडा सुनबैत अछि, तँ संगहि यी सेहो कहि सकैत अछि जे नेपाल हिमालय मात्र नैइ अछि; नेपाल जनकक मिथिला सेहो अछि। नेपाल बुद्धक लुम्बिनी मात्र नैइ अछि; नेपाल जानकीक जनकपुरधाम सेहो अछि। मधेशकेँ केवल राजनीतिक मुद्दा बनाबय नैइ, विकासक साझेदार बनाबय चाही । मधेशक प्रश्नकेँ केवल निर्वाचन, प्रतिनिधित्व वा राजनीतिक आन्दोलनक चश्मासँ देखब एकटा गम्भीर भूल होयत। मधेश नेपालक सीमा सुरक्षा, कृषि, उद्योग, व्यापार, पर्यटन, सांस्कृतिक सम्बन्ध आ रोजगारीक रणनीतिक आधार अछि । भारतसँ नेपालक खुला सीमाक कारण मधेशकेँ अवसर सेहो भेटैत अछि आ चुनौती सेहो। तस्करी, मानव बेचबिखन, अवैध कारोबार आ सुरक्षा चुनौती रोकबाक लेल सीमा व्यवस्थापन आवश्यक अछि; मुदा संगहि सदियौँ पुरान सामाजिक-पारिवारिक सम्बन्धकेँ सम्मान करैत सहज आवागमन, वैध व्यापार आ सांस्कृतिक आदान-प्रदानकेँ बढ़ावा देब सेहो ओतबेही आवश्यक अछि। तेँ ए: श्री बालेन्द्र शाह जी'क अन्तर्राष्ट्रिय सन्देशमे मधेशकेँ समस्याक भूगोल नैइ, समाधानक साझेदार भूगोलका रूपमा स्थापित करबाक आवश्यकता अछि ।

४. ए: बालेन लेल अवसर सेहो, अग्निपरीक्षा सेहो अछी,

ए: बालेनक राष्ट्रसंघ सम्बोधनक महत्व एहि कारणसँ मात्र नैइ जे ओ ५९ वर्ष बाद महेन्द्रक पदचिह्नमे ठाढ़ होयताह। वास्तविक महत्व एहि बातमे अछि जे ओ कोन नेपालक आवाज विश्वसमक्ष राखताह ? जेनाकी,

क) एकटा नेपाल जे केवल काठमाडौंकेन्द्रित प्रशासनिक राजधानी अछि ?

ख) वा दोसर नेपाल जे हिमालयसँ तराई धरि, मेचीसँ महाकाली धरि, मैथिली, नेपाली, भोजपुरी, थारू, नेवारी, तामाङ, गुरुङ आ अन्य असंख्य भाषा-संस्कृतिकेँ सम्मान करैत बहुलतामे एकताक वास्तविक राष्ट्र अछि ?

यदि बालेन दोसर नेपालक आवाज बनि सकलाह, तँ हुनकर सम्बोधन ऐतिहासिक बनि सकैत अछि ।

५. महेन्द्रक ५९ वर्ष बाद नयाँ प्रश्न,

राजा महेन्द्र १९६७ मे विश्वमञ्चपर छोट राष्ट्रक सुरक्षा आ सार्वभौमिकताक आवाज उठौलनि। ५९ वर्ष बाद ए: बालेनक सामने चुनौती अलग अछि, जेनाकी जलवायु न्याय, विपद् क्षतिपूर्ति, समावेशी लोकतन्त्र, समान विकास, सांस्कृतिक अधिकार आ बहुल पहिचानक सम्मान ।

तेँ ए: बालेनक राष्ट्रसंघ भाषणमे नेपालक बाढ़क आँसु अवश्य होय, मुदा संगहि पुनर्निर्माणक रोडम्याप सेहो होय। जलवायु न्यायक माग अवश्य होय, मुदा पारदर्शी राष्ट्रिय विपद् व्यवस्थापनक प्रतिबद्धता सेहो होय। अन्तर्राष्ट्रिय सहयोगक अपेक्षा अवश्य होय, मुदा आन्तरिक असमानता घटेबाक राष्ट्रिय संकल्प सेहो होय। आ सबैसँ महत्वपूर्ण बात जे विश्वसमक्ष नेपालक आवाज उठबैत काल नेपाल भितर के मौन आवाजकेँ नैइ बिसरल जाय,

क) मिथिला-मधेशक नागरिकक सम्मान,

ख) मैथिली भाषाक प्रतिष्ठा,

ग) जनकपुरधामक अन्तर्राष्ट्रिय सांस्कृतिक पहिचान,

घ) तराईक जलवायु-बाढ़ जोखिम आ मधेशक आर्थिक योगदान यदि राष्ट्रिय आख्यानक हिस्सा बनैत अछि, तखने ए: बालेनक राष्ट्रसंघ यात्रा केवल प्रधानमन्त्रीक विदेश यात्रा नैइ रहत । ओ नेपालक पुरान मंचपर नयाँ नेपालको उद्घोषणा बनि सकत–एहन नेपाल, जतय हिमालयक उचाइ आ मिथिलाक गहिराइ समान राष्ट्रिय सम्मान पबैत अछि; जतय मधेश सीमा नैइ, समृद्धिक प्रवेशद्वार अछि; आ जतय विविधता विभाजन नैइ, नेपालको वास्तविक शक्ति अछि ।





# खेतमा एक महिलाको शव फेला

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २१ भदौ**

महोत्तरीको जलेश्वर नगरपालिका-३ खैरास्थित छर्की नजिकैको खेतमा एक महिलाको शव फेला परेको छ । स्थानीयले खेतमा महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थल पुगेको प्रहरीले शव नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धान अघि बढाएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी पञ्चलाल गोलेका अनुसार मृतक महिला अन्दाजी ३० देखि ३५ वर्ष उमेरकी रहेको प्रारम्भिक अनुमान गरिएको छ। यद्यपि, उनको पहिचान भने खुल्न सकेको छैन । प्रहरीले घटनाको प्रकृति र महिलाको मृत्युको कारणबारे अनुसन्धान गरिरहेको जनाएको छ । शव परीक्षण तथा थप अनुसन्धानपछि मृत्युको कारण खुल्ने प्रहरीले जनाएको छ । मृतक महिलाको पहिचानका लागि प्रहरीले आवश्यक प्रक्रिया अघि बढाइरहेको छ भने घटनासम्बन्धी थप विवरण आउन बाँकी रहेको छ ।


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**




सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**औरही गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**



**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**धनुषाधाम नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday